फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल:sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(सम्पत्ति शुद्धीकरण निवारण इकाई)

**अत्यन्त जरुरी**

पत्र संख्या :- ०७६/७७
चलानी नं.:- 650

मिति: २०७६।०८।१८

श्री सबै विभागीय नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरु (१२२ वटा)

**विषय :- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विभागवाट जारी निर्देशन, २०७४ कार्यान्वयन र प्रतिवेदन पठाउने सम्बन्धमा ।**

सम्पत्ति शुद्धीकरण सम्बन्धमा नेपाल पक्ष राष्ट्र हो । सन् २०२० मा नेपालको AML/CFT सम्बन्धी अन्तराष्ट्रिय पारस्पारिक मूल्यांकन अन्तराष्ट्रिय सरोकार संस्था APG र सम्बन्ध सरोकार संस्थाहरुबाट हुन गईरहेको व्यहोरा अवगतै छ । सम्पत्ति शुद्धीकरण निवारण गर्ने विषय नेपालको उच्च प्राथमिकताको विषय भएको र दोश्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) मा हामीले पुरा गर्नु पर्ने धेरै विषय/सन्दर्भ उल्लेख भएका छन् । सोही सन्दर्भमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र सो ऐन अर्न्तगत यस विभागले जारी गरेको **"सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरेको निर्देशन, २०७४ ( पहिलो शंसोधन समेत)"** मा भएका व्यवस्था तहाँबाट पुर्ण रुपमा पालना भएको देखिएन । तसर्थ उल्लेखित निर्देशनका दफामा भएको दण्ड/जरिवाना समेतको विषयलाई ख्याल गरी तल उल्लेखित विषयहरुको अनिवार्य रुपमा पालना गर्न जानकारीका लागि आदेशानुसर अनुरोध छ ।

१. निर्देशनको दफा ३ वमोजिम सदस्य पहिचान तथा सम्पुष्टि (KYM) अद्यावधीक गरी राख्ने ।

२. निर्देशनको दफा ८ बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्ने ।

३. निर्देशनको दफा १० वमोजिम वास्तविक धनीको पहिचान गर्ने उपाय अवलम्बन गर्ने ।

४. निर्देशनको दफा १२ वमोजिम सीमा कारोवारको स्रोत खुलासा लिने गर्नु पर्ने ।

५. निर्देशनको दफा १३ वमोजिम जोखिम पहिचान, मुल्यांकन, वर्गीकरण तथा व्यवस्थापन गर्ने ।

६. निर्देशनको दफा १९ वमोजिम सीमा कारोवारको प्रतिवेदन (TTR) कारोवार सम्पन्न भएको मितिले १५ दिन भित्र निर्देशनको अनुसुची -४ को ढाँचामा नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाईमा पठाउने गर्नु पर्ने ।

७. निर्देशनको दफा २० बमोजिम शंकास्पद कारोवार सम्बन्धी प्रतिवेदन ( STR) अनुसुची-५ को ढाँचामा तयार गरी कारोबार भएको ३ दिन भित्र वित्तीय जानकारी इकाईमा पठाउने गर्नु पर्ने ।

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल:sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ वानेश्वर, काठमाडौं
(सम्पत्ति शुद्धीकरण निवारण इकाई)

अत्यन्त जरुरी

पत्र संख्या :- ०७६/७७
चलानी नं.:-

८. निर्देशनको दफा २४ वमोजिम कार्यान्वयन अधिकारी ( कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने र निजको नाम, ठेगाना, योग्यता र सम्पर्क नं. इमेल लगायतको विवरण सहितको नियुक्तिको जानकारी वित्तिय जानकारी ईकाई तथा विभागमा गराउने ।

९. निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धीकरण ऐन, नियमावली र जारी निर्देशन वमोजिम सम्पादन गर्नुपर्ने कार्यहरुको प्रभावकारी सम्पादनका लागि प्रत्येक सहकारी संघ संस्थाले आन्तरिक नीति तथा कार्यविविधी तर्जुमा गरी साधारण सभावाट पारित गराई लागू गर्ने ।

१०. निर्देशनको दफा २८ वमोजिम सम्पादन गरेका कार्यहरुको चौमासिक प्रतिवेदन अनुसुची -६ को ढाँचामा चौमासिक अवधि व्यतित भएको ७ दिन भित्र विभागमा पठाउनु पर्नेमा, यस्तो प्रतिवेदन हाल सम्म विभागमा प्राप्त नभएको हुँदा चौमासीक रुपमा नित्य नियमित तयार गरी अवधि भित्र अनिवार्य पठाउने व्यवस्था गर्ने ।

**पुनश्च** : सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरीएको निर्देशन, २०७४ विभागको वेबसाइट www.deoc.gov.np वाट समेत हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

२०७६/०८/१८

(ईश्वर प्रसाद आचार्य)
शाखा अधिकृत

**बोधार्थ :** श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक, ललितपुर ।

श्री नेपाल राष्ट्रबैंक वित्तिय जानकारी इकाई, वालुवाटार, काठमाडौं ।